# आर्थिक वर्ष २०७८/०७९ को नगर सभामा पेश गरिने नीति तथा कार्यक्रम

देउमाई नगरपालिकाको पाचौं नगर सभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरु, स्थानीय तहको निर्वाचन पश्चात देउमाई नगर सभाको पाचौं नगर अधिवेशनको यो संवेदनशील एवं महत्वपूर्ण क्षणमा हार्दिक स्वागत अभिवादन  गर्दछु।

सभाका सदस्य ज्यूहरु,

संविधान कार्यान्वयनका महत्वपूर्ण आधारहरु निर्माण गरी राजनितिक संक्रमण कालको अन्त्य भई देश विकास र समृद्धिको सुखद प्रवेशद्वारमा प्रवेश गरी समृद्ध नेपाल सुखी नेपालीको

मुल मर्म अनुसार कार्य गर्न थालनी गर्ने एउटा जिम्मेवार सदस्यको हैसियतमा तपाई हामीलाई पाउँदा अति नै खुशी लागेको छ।

विभिन्न किसिमका सामन्ती निरङ्कुशतावादीहरुको शासन प्रणालीको अध्याँरो युगको अन्त्य गरी जनप्रतिनिधी मार्फत राज्य सञ्चालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराउने क्रममा जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु एवं कोभिड १९ (कोरोना भाइरस) को कारणले स्वदेश तथा विदेशमा आफ्नो ज्यान गुमाउनुहुने नेपाली लगायत विश्वभरका नागरिकहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । साथै यस रोगको विरुद्ध उपचाररत दाजुभाई तथा दिदीबहिनीहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नेपाली समाजको रुपान्तरणमा योगदान पुर्याउनुहुने तथा राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान सहितको लोकतन्त्र एवं गणतन्त्र प्राप्तिको लागि नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मानभाव प्रकट गर्न चाहन्छु ।

गणतन्त्र स्थापना भएको १३ वर्षको अवधिमा हासिल भएका महत्वपूर्ण उपलब्धिहरु सफलतापूर्वक संस्थागत गरिदै थप सुदृढ र समुन्नत बनाइने क्रममा नेपालको संविधानले परिकल्पना गरेको ३ तहको सरकार मध्ये स्थानीय सरकारको हैसियतमा हामी सबैजना यस देउमाई नगरपालिकाको विकास, समृद्धि र देउमाईवासी आम जनसमुदायको समुन्नतिमा अहोरात्र खटिने महत्वपूर्ण सदस्यको रुपमा मिति २०७४ साल असार १४ गते निर्वाचित गराउनुहुने सम्पूर्ण देउमाईवासीमा धन्यवाद ज्ञापन गर्दै हाम्रा आजसम्मका कार्यहरुको पूर्ण समिक्षा गरी आगामी दिनहरुमा गर्नुपर्ने कार्यहरुको अमूल्य सुझाव दिनुहुने सम्पूर्ण बुद्धिजिवी, राजनीतिक दल, समाजसेवी, पत्रकार, नागरिक समाज लगायत सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

सभाका सदस्य ज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानद्वारा सुनिश्चित गरिएका अधिकारहरुको माध्यमबाट हालसम्म तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका विभिन्न ऐन, नियमावली, कार्यविधि,

निर्देशिका लगायतका कानुनहरुको अधिनमा रही कार्य सम्पादन गरिदै आएको र आगामी दिनमा पनि आवश्यकता अनुसार थप ऐन, नियमहरुको व्यवस्था गर्दै कार्य अगाडी बढाईने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

संविधान प्रदत्त अधिकारमा संघीय सरकार, १ नं. प्रदेश सरकार र देउमाई नगरपालिकाको बिचमा समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तलाई अङ्गिकार गरी नगर

भित्रका सम्पूर्ण आर्थिक, सामाजिक, तथा भौतिक विकास निर्माणका कार्यहरु हालसम्म कार्यान्वयन हुँदै आइरहेको र आगामी दिनमा पनि सोही अनुरुप सुमधुर सम्बन्ध कायम गरी थप सशक्त र दिगो रुपमा निरन्तर चलिरहने विश्वास दिलाउन चाहन्छु ।

कोभिड १९ (कोरोना भाइरस) को कारणले सामना गर्नुपरेको बन्दाबन्दी जस्तो कठिन परिस्थितिमा आफ्नो ज्यानको समेत पर्वाह नगरी रोगको रोकथाम, नियन्त्रण र उपचार सेवामा अहोरात्र खटिनुहुने जनप्रतिनिधी ज्यूहरु, कार्यालयका कर्मचारी, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षाकर्मी, एम्बुलेन्स चालक एवं यस विषम समयमा समेत सूचना संकलन गरी जनतालाई सुसुचित गराउन समाचार सम्प्रेषण गर्नुहुने सम्पूर्ण पत्रकार ज्यूहरु प्रति आदरभावले म नमन गर्दछु।

कोभिड १९ (कोरोना भाइरस) रोकथाम, नियन्त्रण र उपचार गर्न यस नगरपालिका संघीय सरकार र प्रदेश सरकारको नीति निर्देशन तथा समन्वयमा अहोरात्र खटिई कार्य गर्न प्रतिबद्ध रहेको व्यहोरा अवगत गराई यस महत्वपूर्ण कार्य सञ्चालनको लागि नगरपालिकाद्वारा स्थापित विपद व्यवस्थापन कोषमा सहयोग पुर्याउनु हुने आदरणीय व्यक्तित्व, सरकारी तथा गैरसरकारी संस्था, प्रदेश सरकार एवं संघीय सरकार, सम्पूर्णलाई धन्यवाद दिदै आगामी दिनहरुमा निरन्तर सहयोग र सहकार्यको समेत अपेक्षा गर्दछु।

यस नगरपालिकाले आफ्नो २०७८/०७९ को वार्षिक नीति तयारी गर्ने सन्दर्भमा नेपाल सरकार, प्रदेश सरकारको नीति र मार्गदर्शन अनुरुप यहाँका विभिन्न क्षेत्र, समुदाय साथै ९ वटै वडाहरुबाट प्राप्त भएका माग, योजना तथा कार्यक्रमहरुलाई विभिन्न विषयगत समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा

समिति लगायतका समितिको बैठकको निर्णयका आधारमा यो वार्षिक नीति तथा कार्यक्रम तयार गरी नगरकार्यपालिका बैठकबाट निर्णय भई आजको यो नगरसभा समक्ष पेश गरेको छु ।यस पुनित कार्यमा सहयोग पुर्याउनु हुने सम्पूर्ण महानुभावहरु धन्यवादका पात्र हुनुहुन्छ।

सभाका सदस्य ज्यूहरु,

आर्थिक वर्ष २०७८/०७९ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान, समानीकरण अनुदान, राजस्व बाँडफाड, समपुरक अनुदान र विशेष अनुदान तथा आन्तरीक आयको बजेटबाट नगरपालिका क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु यस नीति तथा कार्यक्रम आधारमा सञ्चालन हुनेछन्।

आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा निम्नलिखित विषय वस्तुहरुलाई आधार मानी तयार गरिएको छ ।

क. नेपालको संविधान,

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. संघ र प्रदेश सरकारबाट प्राप्त निर्देशनहरु,

घ. दातृ निकायसँग भएका सम्झौताहरु,

ङ. वडा समितिबाट प्राप्त भएका मागहरु,

च. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),

छ. श्रोत साधनको उपलब्धता,

ज. सरोकारवालाहरुको सहमति,

विश्वव्यापी महामारीको रूपमा देखिएको कोभिड-१९ (कोरोना भाइरस) ले सृजना गरेको चुनौतीपुर्ण र असहज अवस्थाको विचमा आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत हुन गइरहेकोले आगामी आ.व. मा यसको महत्व अझ बढोत्तर हुने विश्वासका साथ म नगरको एकिकृत विकासका लागि आगामी आ.व. २०७८/०७९ मा अवलम्बन गरिने नीतिहरु प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

## १. स्वास्थ्य

मानव सभ्यता माथी आइलागेको कहालीलाग्दो संक्रमणको रुपमा रहेको महामारी कोरोना भाइरसबाट हाम्रो देश, प्रदेश र पालिका पनि अछुतो रहन नसकेको यहाँहरु समक्ष विधितै छ। यस रोगबाट बच्नका लागि विभिन्न स्वास्थ्यका मापदण्ड अपनाउदै कोरोना विरुद्धको लडाईं जित्नु भन्दा अर्को विकल्प हामीसंग नरहेको हुँदा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरी स्वास्थ्य क्षेत्रतर्फ सबल र सुदृढीकरण गरी अघि बढ्ने नीति लिइने छ ।

- कोभिड-१९ को पहिचानको लागी सबै स्वास्थ्य संस्थाहरुबाट दैनिक प्रतिवेदनको व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणका लागी भईरहेका क्रियाकलापलाई निरन्तरता दिदै अन्य आवश्यक क्रियाकलापहरु सबै वडामा विस्तार गरिदै लगिनेछ ।

- कोभिड-१९ का शंकाष्पद सबै व्यक्तिको आवश्यकता अनुसार निःशुल्क एन्टिजेन र PCR परीक्षणको व्यवस्था गरिनेछ।
- कोरोना संक्रमित व्यक्तिहरुलाई उपचारको लागी यातायात खर्चको व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागी समुदायमा महिला स्वास्थ्य स्वयंसेविकाहरु नियमित परिचालन गरिनेछ र प्रतिवेदन संजालको बिस्तार गरिनेछ ।
- देउमाई नगरपालिकामा रहेको आधारभूत अस्पताल भवनलाई कोभिड अस्पतालको रुपमा प्रयोग गरी संक्रमितहरुको उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु व्यवस्थापन गरिनेछ ।
- नेपाल सरकारले उपलब्ध गराउने कोरोना विरुद्धको खोपलाई संघीय सरकारको निर्देशन बमोजिम शिघ्रातिशिघ्र स्थानीय खोपकेन्द्रबाट उपलब्ध गराइ कोरोना विरुद्धको लडाईंमा विजय हासिल गरिनेछ ।
- कोभिड १९ कोरोना भाइरसका कारण आफ्नो ज्यान गुमाउने देउमाई नगरवासीको परिवारलाई राहत महसुश हुने किसिमका कार्यक्रमका लागि बजेटको व्यवस्था गरिनेछ ।

सुरक्षित मातृत्व तथा बालपोषण कार्यक्रमलाई निरन्तरता दिदै अपाङ्गता  गर्भमै रोकथाम गर्नका लागि चौमासिक गर्भ जाँचलाई अझ प्रोत्साहन गरिनेछ।

स्वस्थ एवं समुद्ध देउमाई साकार पार्न महिला स्वास्थ्य स्वयंसेविकाको सेवालाई उच्च मुल्याङ्कन गर्दै प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइएको छ।

नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराईने राष्ट्रिय निःशुल्क कार्यक्रमका अत्यावश्यक औषधिहरुको स्टक आउट हुन नदिन नियमित आपुर्तिको ब्यवस्थापन गरिनेछ साथै नसर्ने तथा मानसिक रोगको औषधी व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

आयुर्वेद तथा बैकल्पिक उपचार पद्दतिलाई प्राथमिकताका साथ नगरका अन्य स्थानमा समेत विस्तार गर्ने नीति दिइनेछ।

यस नगरपालिकामा रहेको आयुर्वेद औषधालयलाई आवश्यक पूर्वाधारको ब्यवस्था गरी फिजियोथेरापी सेन्टरका रुपमा विकसित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

सभाका सदस्य ज्यूहरु,

नियमित ब्यायाम तथा योग शिविर संचालनलाई नीतिगत ब्यवस्था गरिनेछ ।

सरकारले निर्धारण गरेको विपन्न नागरिक औषधी उपचार सम्बन्धी जटिल प्रकृतिका रोगको उपचारका लागी बिरामीलाई उपचारको पहुँच सम्म पुर्याउन आवश्यक यातायात सहयोगको ब्यवस्थालाई निरन्तरता दिईनेछ ।

सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

स्वास्थ्य बिमा कार्यक्रमलाई नगरबासी सबैको सर्वसुलभ पहुँचमा पुर्याउने गरी कार्यक्रम तय गरिनेछ ।

प्रबर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गर्न कार्यक्रम बिस्तार गरिनेछ ।

आधारभूत अस्पताल, मंगलबारे बाट हाल प्राप्त भइरहेका स्वास्थ्य सेवा लाई यप प्रभावकारी बनाउन आवश्यक अत्याधुनिक स्वास्थ्य औजार, उपकरणको व्यवस्थापन गर्दै नगरवासीहरुको स्वास्थ्य सेवा अधिकार सुनिश्चित गर्ने नीति लिइने छ।

देउमाई वासी सबै नागरिकलाई आकस्मिक सेवाको पहुँच सुनिश्चित गर्न एम्बुलेन्स सेवाको व्यवस्थापन गरिनेछ ।

कोरोना महामारी नियन्त्रणका लागि नगरपालिका भित्र संचालित सरकारी, निजि तथा गैर सरकारी क्षेत्र बिच सहकार्य, समन्वय र समझदारी गर्दै स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने नीति लिइनेछ।

सुरक्षित मातृत्व कार्यक्रमलाई सर्वसुलभ ,प्रभावकारी र गुणस्तरीय बनाउन बर्थिङ सेन्टर बिस्तारको कार्यलाई प्रोत्साहन गरिनेछ ।

सबै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गर्ने साथै प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा ज्येष्ठ नागरिक दन्त वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

आयुर्वेद, प्राकृतिक चिकित्सत ,योग तथा होमियोप्याथी लगायतका सेवाहरुलाई एकिकृत रुपमा विकास र विस्तार गर्न विशेष नीति लिइनेछ ।

नियमित खोप कार्यक्रमलाई थप सुदृढीकरण गर्दै आगामी आ.व. बाट टाइफाइड खोप अभियान संचालन गरिनेछ ।

## २. रोजगारी तथा गरिवी निवारण

संघीय सरकारको सोच बमोजिम विपन्न अवस्थामा रहेका गरिब जनताको फुस तथा खरका छाना भएका ५८७ घरलाई जनता आवास कार्यक्रम मार्फत आगामी आ.व.मा टिनको छानाद्वारा प्रतिस्थापन गरिनेछ।

देउमाई नगरपालिका भित्र रहेका अति विपन्न परिवारको पहिचान र अवस्था विश्लेषण गरी परिचय पत्र वितरणका माध्यमवाट सरकारी तथा गैर सरकारी निकायहरुवाट प्रदान गरिने सेवा सुविधालाई एकीकृत गर्ने नीति लिइनेछ ।

कोरोनाको कहरका कारंण विदेशबाट फर्केका तथा नगरभित्र रहेका बेरोजगार व्यक्तिहरुलाई उनीहरुको सिप र क्षमता को पहिचान गरी स्वदेश मै रोजगार बनाउन

प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन परियोजना र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा समाहित गर्दै लगिनेछ ।

वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्कि आएका र निजको परिवारको सामाजिक सुरक्षा तथा सहायताको लागि सुरक्षित आप्रवासन परियोजना सँग समन्वय तथा सहकार्यका लागि नगर प्रमुख सुरक्षित आप्रवासन कार्यक्रम मार्फत बजेट व्यवस्थापन गरी कार्यक्रम प्रभावकारी बनाउन आवश्यक नीति तय गरिनेछ।

नगरक्षेत्र भित्रका श्रम सक्रिय जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउन घरेलु तथा साना उद्योग क्षेत्र, सीप तथा व्यवसाय प्रवर्द्धन गर्ने निकायहरुसँग आवश्यक समन्वय गरी सम्बन्धित सीपलाई उजागर गर्ने क्षमता अभिवृद्दि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

सभाका सदस्य ज्यूहरु,

देउमाई नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई नगरका  सम्पूर्ण रोजगारीका कार्यक्रम सञ्चालन गर्ने तथा बेरोजगार व्यक्तिहरु एवं रोजगारदाताहरुको वास्तविक तथ्याङ्क राख्ने, अद्यावधिक गर्ने लगायतका रोजगारी सम्बन्धी एकीकृत सेवा प्रदानका लागि श्रम बैंकको रुपमा विस्तार गर्ने नीति कार्यान्वयन गर्दै लगिनेछ।

## ३.भौतिक पूर्वाधार विकास नीति

कोभिड -१९ (कोरोना भाइरस) को महामारीलाई व्यवस्थित तथा समग्र स्वास्थ्य व्यवस्थालाई सुदृढ गर्ने उद्देश्यले संघीय सरकारको नीति अनुरुप यस देउमाई नगरपालिकामा १५ शैय्याको नगर-अस्पताल निर्माणको लागि सम्पूर्ण खरिद प्रकृया सम्पन्न भइसकेको छ र आगामी २ वर्ष भित्रमा निर्माण कार्य सम्पन्न गरिनेछ।

प्रत्येक वडामा सुविधा सम्पन्न आधारभूत स्वास्थ्य केन्द्र भवन स्थापन गर्ने नीति अनुरुप हालसम्म ४ वटा वडामा स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ र आगामी आ.व.मा पनि बाँकि रहेका वडाहरुमा स्वास्थ्य केन्द्र भवन निर्माण कार्य निरन्तरता दिइने छ ।

पहिलो नगरसभाको निति तथा कार्यक्रम अनुरुप नगरपालिका क्षेत्र भित्र फराकिला सडक सञ्जाललाई व्यापक रुपमा विस्तार गर्ने नीति अनुसार यस पाचौं नगरसभा सम्म आइपुग्दा लक्ष्य प्राप्ति भएको महशुस हामी सबैलाई हुन्छ। यसरी विस्तारित सडक सञ्जाललाई बाह्रै महिना चलायमान बनाउने चुनौति हामी माझ छ र यसको लागि सम्पूर्ण सडक सञ्जाललाई क्रमिक रुपमा **All Weathered** बनाउनको लागि कार्ययोजना बनाई लागु गरिनेछ ।

नगरकार्यपालिकाको निर्णय बमोजिम रु. ५ लाख भन्दा ठूला आयोजनाहरु ठेक्का विधिबाट कार्यान्वयन गर्ने विषयलाई कडाइका साथ लागु गरिएको छ र यसलाई आगामी वर्षमा पनि निरन्तरता दिइने छ, जसले गर्दा नगरपालिकाले पूर्वाधार निर्माणमा गरेको लगानीबाट गुणात्मक लाभ प्राप्त हुने देखिन्छ।

नगरपालिका भित्र विकसित हुने सडक संजालहहरुलाई व्यवस्थित गर्न गत आ.व. मा थालनी गरिएको नगर यातायात गुरुयोजना निर्माण कार्य यस आ.व.मा सम्पन्न गरि लागु गरिनेछ ।

वजार क्षेत्रको वृहत्तर विकासका लागी वैकल्पिक मार्गको स्तर बृद्दि गर्ने कार्य अन्तिम चरणमा पुगिसकेकाले आगामी आ.व. मा उक्त मार्ग कालोपत्रे गर्ने काम सम्पन्न गरिनेछ ।उक्त सडक क्षेत्रमा बसोवास व्यवस्थित बनाउन थप पुर्वधारको व्यवस्था गरिने छ साथै बजार क्षेत्रका सहरी सडकहरुको स्तरवृद्धिका लागि नमुना पिचका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

नयाँ सडक वनाउने कार्य अन्तिम चरणमा पुगिसकेकोले अब भै रहेका सडकको गुणस्तरीय स्तरोन्नतीको कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

भौगोलिक रुपमा एक भन्दा बढि वडा तथा अन्तर-पालिका जोड्ने सडकहरलाई उच्च प्राथमिकता दिएर योजनामा समावेश गरिने छ।

देउमाई नगरपालिकाको रणनीतिक सडक मध्येको मंगलबारे-गजुरमुखी सडक संघीय सरकारसँगको समन्वयमा स्तरोन्नतिको कार्य थालनी भइसकेको साथै देउराली-मंगलबारे, मिलडाँडा-चाचले, रक्से-मंगलबारे, पैंरे भञ्याङ्ग-ओझेले लगायतका रणनीतिक सडकहरुको स्तरोन्नतिका लागि केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ ।

सभाका सदस्य ज्यूहरु,

देउमाई नगरको मुहार फेर्ने ( गेम चेन्जर प्रोजेक्ट ) अन्तर्गत निर्माणाधिन मंगलबारे - एकतप्पा - रवि सडक, गाग्रेभङ्ग्याङ्ग-विर्तामोड सडक, सुकिलुम्बा - लारुम्बा सडक लगायतका उच्च महत्वका रणनीतिक सडकहरुको निर्माण कार्यको गतिलाई तिव्रता दिन, संघीय तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

नगरपालिकाका बिभिन्न सडक तथा संरचनाको निर्माणको लागि वातावरण प्रभाव मुल्यांकन तथा विष्तृत आयोजना अध्ययन रिपोर्ट तयार गरिने छ।

सेवा प्रवाहलाई सहज बनाउन ६ वटा वडाहरुमा सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरिनेछ साथै बन्न बाँकि रहेका वडा नं. १ र ४ का कार्यालय भवनहरु आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

समग्र नगरपालिकाको एकिकृत सेवा प्रवाहका लागि आवश्यक पर्ने सुविधा सम्पन्न प्रशासनिक भवन निर्माणको लागि चालु आ.व. मा बहुवर्षिय ठेक्का आह्वान गरिनेछ र आगामी ३ वर्ष भित्रमा निर्माण सम्पन्न गरिनेछ ।

सार्वजनिक तथा निजि भवन निर्माण गर्दा राष्ट्रिय भवन निर्माण आचारसंहिता कडाईका साथ लागु गरिनेछ ।

नगरबाट संचालित आयोजनाहरुको अनुगमन तथा निरिक्षण कार्य प्रभावकारी बनाउन तयार पारिएको "अनलाइन प्रणाली" आगामी आ.व. बाट लागु गरिनेछ ।

कोरोना महामारीको कारण श्रृजित बेरोजगारी समस्यालाई संबोधन गर्ने उद्देश्यले गत आ.व. मा थालनी गरिएको प्रत्येक वडामा कम्तिमा एउटा आयोजना पूर्णरुपमा मानवसंसाधनको

प्रयोग गरी सम्पन्न गर्ने कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ।

देउमाई नगरपालिका वडा नं. ८ लिलि खेत र माइ नगरपालिका वडा नं.१ खत्रपा लाई झोलुङ्गे पुल द्वारा जोडिनेछ साथै माईखोलाको  कागुने आसपास र बोरुङ्ग जोड्ने तथा दे.न.पा.- ३ को बलौरी (वाफ्रुङ्ग) र इ.न.पा.-१ को साखेजुङ्ग जोड्ने पक्की पुल निर्माणका लागि पहल गरिनेछ ।

गत आर्थिक वर्षको कार्यक्रममा समावेश भएका बहुबर्षिय योजनाहरुलाई क्रमागत योजनाका रुपमा संचालन गरिने छ।

## ४. शिक्षा, युवा तथा खेलकुद

विश्व महामारीको रुपमा रहेको कोरोना भाइरसका कारण शिक्षा क्षेत्र शिथिल भएको वर्तमान अवस्थामा शिक्षा क्षेत्रलाई उकास्नका लागि शिक्षण सिकाईमा आधुनिक प्रविधिको प्रयोग गर्ने तथा समयानुकुल वैकल्पिक शिक्षण सिकाईको अवधारणालाई अवलम्वन गर्ने नीति लिइनेछ ।

देउमाई नगरपालिका लाई शैक्षिक गन्तव्यको रुपमा विकसित गर्ने लक्ष्य अनुरुप हाल भानुभक्त मा.वि., मंगलबारेमा प्राविधिक धार अन्तर्गत सिभिल ईन्जिनियरिङ्ग र जितपुर मा.वि., जितपुरमा पशुविज्ञान संचालन गरिदै आएकोमा आगामी आ.व. बाट खान्द्रुङ्ग मा.वि., पञ्चमीमा विज्ञान संकाय सञ्चालन गरी देउमाई नगरपालिकालाई प्राविधिका शिक्षाको थलोको रुपमा स्थापित गर्दै लगिने छ।

शिक्षाको उज्यालो किरणबाट कुनै पनि बालबालिकालाई वञ्चित हुन नदिन अनिवार्य विद्यालय भर्ना कार्यक्रम अभियानका रुपमा संचाल गरिने छ।

गरिवीका कारणले शिक्षामा पहुँच नहुने अवस्थालाई अन्त्य गर्न विद्यालयहरुमा छात्रवृति कोष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

उच्च शिक्षाको क्षेत्रमा विषेश सहयोगको कार्यक्रमलाई निरन्तरता दिइने छ।

गत आ.व.मा नगरभित्रका प्रत्येक माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षण सिकाईका लागि आवश्यक पर्ने भौतिक तथा मानविय पुर्वाधारको विकास सहित आधुनिक प्रयोगशालाको व्यवस्थापन गर्ने कार्य सम्पन्न भइसकेकाले आगामी आ.व.बाट आधारभूत विद्यालयमा विस्तार गर्दै लगिनेछ।

नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु र मंगलबारे बहुमुखी क्याम्पसको शैक्षिक वातावरण तथा भौतिक पूर्वाधार विकास र स्तरोन्नतीका लागी आवश्यक सहयोगलाई निरन्तरता दिइनेछ ।

मा.वि. तहका विद्यालय नभएका वडाहरु २ र ८ मा मा.वि. सञ्चालनका लागि विशेष पहल गरिनेछ साथै विद्यालय नर्सिङ्ग कार्यक्रमलाई प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा विस्तार गर्दै लगिनेछ ।

नगर प्रमुख छात्रवृति कोषबाट ईन्जिनियरिङ्ग अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिदै आएको छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइने छ ।

विद्यालय नगर साझेदारीमा भानुभक्त मा.वि., मंगलबारे र खान्द्रुङ्ग मा.वि.,पञ्चमीलाई विद्यालय बस व्यवस्थापन कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा छ साथै आगामी आ.व.मा देउमाई नगरपालिकाको आफ्नो छुट्टै पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ ।

जितपुर मा.वि., जितपुरमा सञ्चालित नमुना विद्यालय कार्यक्रमलाई तिव्रताका साथ अघि बढाउदै नगरका अन्य विद्यालयमा समेत उक्त कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ।

सामुदायिक विद्यालयमा कार्यरत नगर शिक्षक, कर्मचारी तथा स.का.हरुको सेवा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम समायोजन गरिनेछ ।

सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि गत आ.व. बाट शुरु गरिएको स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिंदै विद्यालयहरुमा स्यानिटरी प्याड डिष्पोजल मेशिनको समेत व्यवस्थापन गरिदै लगिनेछ ।

कोभिड १९ (कोरोना भाइरस)का कारण वैदेशिक रोजगारीबाट फर्किएका, स्वदेशमा रोजगारी गुमाएका तथा नगरभित्र रहेका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गर्दै रोजगार प्रदान गरिने छ साथै युवा रोजगार कार्यक्रम मार्फत युवा जनशक्तिलाई स्वरोजगार बनाई आय आर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न देउमाई नगरपालिका सक्षम रहदै आएको कुरा यहाँहरुमा विधितै छ, यस अवस्थालाई थप सुदृढ बनाउन नगरमा खेलकुद प्रशिक्षक

व्यवस्थापन गरी नगर भित्र रहेका बिभिन्न खेल र खेलाडीहरुको पहिचान गरी उनीहरुको प्रतिभालाई अझ प्रष्फुटित गराउन विशेष निति लिइने छ।

स्वस्थ जीवनका लागि खेलकुद भन्ने उजागर लाई साकार बनाउन नगर क्षेत्रभित्र विभिन्न स्थानमा खेलकुदका लागि आवश्यक पुर्वाधार निर्माण गर्दै युवाहरुलाई खेलकुद गतिविधि तर्फ आकर्षित गर्न विभिन्न खेल विधाका नगर तथा प्रदेश स्तरीय प्रतियोगिता आयोजना गर्ने नीति लागु गरिनेछ ।

## ५.खानेपानी, सिँचाई तथा वातावरण र सरसफाइ

स्वच्छ खानेपानी स्वस्थ जीवनको पहिलो आधार हो। हाम्रो नगरपालिका भित्र निर्माणाधिन खानेपानीका आयोजनालाई नगरकै मातहतमा संचालन गरी पुर्णरुपमा स्वच्छ खानेपानीको प्रत्याभुत गराइने छ ।

तत्कालिन खानेपानी समस्या समाधानमा नगरपालिकाले खेलेको भुमिका  हामी सबैमा अवगत नै छ र दिर्घकालीन खानेपानी समस्या समाधानका लागि बृहत्तर देउमाई खानेपानी आयोजना सञ्चालन गरिने छ।

जलाधार तथा खानेपानी मुहानलाई संरक्षण गर्न आवश्यक बजेट व्यवस्था गरिने छ ।

एक घर एक धारा कार्यक्रम सञ्चालन गरिनेछ साथै खानेपानी पाइप वितरण कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ।

नगरका सम्पुर्ण कृषि योग्य जमिनलाई सिन्चित गराउने नीति अनुरुप, संघीय सरकार, प्रदेश सरकार,स्वीस सरकार र देउमाई नगरपालिकाको साझेदारीमा सञ्चालित साना सिँचाई कार्यक्रम (SIP) सँगको सहकार्यमा ३ वटा आयोजना सम्पन्न भइसकेको र आगामी वर्ष १० वटा आयोजनाहरु सम्पन्न गरिनेछ साथै यस कार्यक्रमलाई आ.व. २०८१/०८२ सम्म निरन्तरता दिइनेछ ।

वर्तमान फोहोरमैला संकलन तथा व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ ।

सम्पूर्ण बजार क्षेत्रहरुमा फोहोर संकलनका लागि ठाउँ-ठाउँमा डस्टविनको व्यवस्था गरिनेछ साथै फोहोरलाई मोहरमा परिणत गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

दिर्घकालीन रुपमा फोहोरमैला व्यवस्थापनको निमित्त व्यवस्थित ल्यान्ड फिल्ड साइट निर्माणका लागि **DPR** तथा **IEE** को कार्य सम्पन्न भइसकेकोले यथाशिघ्र निर्माण कार्य अघि बढाइनेछ ।

स्वच्छ एवं स्वस्थ पर्यावरणलाई दृष्टिगत गर्दै फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य वस्तुहरुलाई क्रमिक रुपले निरुत्साहित तथा न्यूनिकरण गर्दै लगिने छ ।

## ६.कृषि तथा पशु

सभाका सदस्य ज्यूहरु,

"देउमाई नगरपालिकाको पहिचान प्रांगारिक खेती अभियान" लाई साकार रुप गोठ सुधार कार्यक्रम कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडी बढाउन बजेटको व्यवस्था गरिएको छ।

कृषिलाई वाध्यता हैन रहरका रुपमा विकास गर्न व्यवसायिक कृषि प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

" घर घरमा करेसावारी, भान्सा भान्सामा ताजा तरकारी" अभियान संचालन गरी विभिन्न तरकारीको किट वीउ वितरण गरिनेछ।

उन्नत खालका पशुपालन, व्यवसायिक तरकारी तथा फलफुल खेती, व्यवसायिक मत्स्यपालन, मौरीपालन, अलैची, अकबरे खोर्सानी, किवि, अदुवा, चिया, कफि लगायतका नगदेबाली व्यवसाय गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अद्यावधिक गरी कृषक दर्ता तथा कृषक परिचय पत्र वितरण कार्यक्रम सम्पन्न गरिनेछ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली तथा बस्तुको व्यवसायिक उत्पादन केन्द्र विकास गर्दै लगिनेछ।

आर्थिक विकासमा कृषि क्षेत्रको योगदानलाई वृद्धि गर्न कृषि क्षेत्रको विविधीकरण, व्यवसायिकरण र आधुनिकीकरण गर्दैं लैजाने नीति अनुरुप  आगामी आ.व.मा कृषि तथा पशु बजारकेन्द्र र पशु वधशाला  निर्माण गरिनेछ।

बाख्रा पकेट क्षेत्र तथा गाई प्रवर्द्धन कार्यक्रम मार्फत मासु तथा दुग्धजन्य उत्पादनमा देउमाई नगरपालिकालाई आत्मनिर्भर बनाइ  निर्यातमुखी बनाउदै लगिनेछ साथै छुर्पी प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ।

कृषि सहकारिता, सामुहिक खेती र सामुहिक पशुपालन प्रणालीलाई उत्पादन वृद्धिको आधार बनाउन सहकारी दर्ता ऐन अनुसार दर्ता प्रकृया सरल बनाई प्रोत्साहन गरिनेछ ।

महिला सहकारी र उद्यमशीलता विकासको लागी मेड्पा कार्यक्रमसँग समन्वय गरी बढिने छ।

संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यमा कृषि आधुनिकिकरण र व्यवसायिकरण गर्दै कृषि पकेट क्षेत्रको कार्यक्रमलाई अगाडी बढाइनेछ साथै सेवा प्रवाहलाई सु-व्यवस्थित गर्न कृषि, पशु तथा सहकारी क्षेत्रमा विज्ञको सेवा तथा जनशक्ति व्यवस्थापन गरिनेछ।

विभिन्न जातका उन्नत खाद्यान्नवालीको विउ वितरण तथा फलफूलका विरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ७.पर्यटन

पर्यटन क्षेत्रको बृहत्तर विकासको लागि नगरको पर्यटन विकास गुरुयोजना बनाई अघि बढ्ने नीति अनुरुप कुहिभिर, पानीटार र सिद्धिथुम्का क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि **DPR** तयार भइसकेकाले सोही अनुरुप आगामी आ.व. बाट निर्माण कार्य थालनी गरिनेछ ।

संघीय सरकारको नीति अनुरुप कोरोना महामारीका कारण धरासायी बनेको पर्यटन क्षेत्रलाई चलायमान बनाउन यस नगरपालिकाका कर्मचारीहरुलाई अनिवार्य पर्यटन काज उपलब्ध गराइने छ साथै यस नगरपालिकामा रहेका धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका क्षेत्रहरुको प्रचार-प्रसार गर्न स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संचार माध्यमलाई परिचालन गर्ने नीति लिइने छ ।

देउमाई नगरपालिकाले पर्यटन क्षेत्रको विकास मार्फत समृद्ध् देउमाई निर्माण गर्ने नीति अनुसार विगत ४ वर्षमा विभिन्न स्थानमा पदमार्ग, षर्यटन मार्ग, गुम्बा, मन्दिर निर्माण, चर्च मर्मत, होम स्टे सहयोग लगायतका पर्यटन पूर्वाधार निर्माण सम्मन्न तथा नगरभित्रका धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका क्षेत्रहरुको पार्श्वचित्र निर्माण गरी राष्ट्रिय टेलिभिजनमा समेत प्रशारण गरिसकिएको कुरा यहाँहरुलाई स्मरण गराउदै आगामी आ.व. मा पनि बजेट व्यवस्था गरिने छ।

## ८. विद्युत तथा वैकल्पिक उर्जा

हाम्रो देउमाई उज्यालो देउमाई सपनालाई साकार रुप दिन सम्पुर्ण नगरवासीलाई पाँच वर्षभित्र पुर्ण विद्युत पहुचमा ल्याउने नीति अनुरुप उच्च प्राथमिकतामा राखिदै आएको देउमाई विद्युतिकरण कार्यक्रमलाई आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

देउमाई नगरपालिकाको सार्वजनिक क्षेत्रमा लागत सहभागितामा आधारित सौर्य सडक बत्ती जडान कार्यक्रम सञ्चालन गरिनेछ।

धुँवामुक्त नगरको रुपमा देउमाई नगरपालिकालाई विकसित गर्न सुधारिएको चुलो, बायोग्याँस, विद्युतीय चुल्हो जडान लगायत सौर्य उर्जा तथा नविकरणीय उर्जा प्रविधि जडानलाई प्रोत्साहन गरिनेछ।

## ९. लक्षितवर्ग तथा समावेशीकरण

लक्षित वर्गका आवश्यकता अनुसार सीप विकास तालिम प्रदान गरी आयआर्जन वृद्धि गर्ने तथा स्वरोजगार बनाउने कार्यक्रम संचालन गरिने छ।

महिला प्रवर्द्धन कार्यक्रम मार्फत नगरभित्रका सम्पूर्ण महिला  दिदीबहिनीहरुलाई आत्मनिर्भर एवं उद्यमी बनाउदै रोजगारीको विकास तथा स्थानीय श्रोत-साधन परीचालन गर्ने कार्यक्रम ल्याइने छ ।

दलित महिला र अपाङ्गता भएका व्यक्तिलाई सचेतना तथा  सीपमुलक कार्यक्रमको लागि सहयोग गरी रोजगारीको अवसर सृजना गरिने छ ।

वृद्ध आमावुवा लाई वृद्धाश्रम धकेल्ने सामाजिक कुरीतिलाई निरुत्साहित गर्नका लागि बृद्ध बुवा आमाको एक आपसका भावना, अतितका सुख-दुख साटासाट गर्न जेष्ठ नागरिक भेटघाट चौतारीको स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ ।

लक्षित वर्गका भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## १०. मानव संशाधन विकास

यस नगरपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको तलवमान नेपाल सरकारले प्रस्तुत गरेको आ.व. २०७८/०७९ को बजेट अनुरुप कायम गरिनेछ।

नगरपालिकामा कार्यरत जनशक्तिलाई आवश्यक प्रोत्साहनको व्यवस्था गरिने छ साथै समयानुकुल आधुनिक प्रविधि तर्फ अगाडि बढाउन प्रत्येक वडा कार्यालयबाट सहभागिता हुने गरि प्राविधिक एवं प्रशासनिक जनशक्तिलाई निरन्तर तालिम, अध्ययन अवलोकन तथा भ्रमणको व्यवस्था गरी सेवा प्रवाहलाई सरल, छिटो, छरितो एवं दुरुस्त बनाउन प्रविधि मैत्री नीति लिइनेछ।

## ११. सुचना तथा संचार प्रविधि

सभाका सदस्य ज्यूहरु,

सूचना प्रविधिको प्रयोग संगै नेपाल सरकारले राखेको ई-गभर्नेन्स को अवधारणालाई साकार रुप दिनको लागि यस देउमाई नगरपालिकामा विगतका बर्ष देखिनै सूचना तथा प्रविधि क्षेत्रमा  आवश्यक कदम चाल्दै गईरहेको सबैमा अवगत नै छ ।

यस बर्षबाट यस नगरपालिकालाई नविनतम प्रविधिको प्रयोग संगै नगरपालिकाको प्रशासनिक तथा आर्थिक कार्यलाई एकिकृत सफ्टवयर प्रणालीमा आवद्ध गरी  थप प्रभावकारी तथा पारदर्शी बनाईने छ ।

चालु आ.व.मा नगरपालिकाको सम्पूर्ण विषयगत शाखा तथा मा वि तहका विद्यालयमा विद्युतिय हाजिरी जडान कार्य सम्पन्न भइसकेको जानकारी गराउदै आगामी आ.व. भित्र सम्पूर्ण आधारमूत विद्यालयमा विद्युतिय हाजिरी जडान तथा ईन्टरनेट जडान कार्य सम्पन्न गरिनेछ ।

नगरपालिकाको विभिन्न क्षेत्रमा ईन्टरनेट सेवा विस्तार कार्यलाई निरन्तरता दिइनेछ ।

पुरानै शैलीमा रहेको कागजी काम काजलाई डिजिटाईज गरी डिजिटल नगरपालिको अवधारणालाई साकार रुप दिईने छ साथै आगामी आ.व.मा सूचना प्रविधि गुरुयोजना तयार पारी कार्यान्वयन गर्दै लगिनेछ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण शैक्षिक क्षेत्रको शिक्षण सिकाईमा भएको अवरोधलाई मध्यनजर गर्दै आगामी आ.व.मा सूचना प्रविधिमा आधारीत शिक्षण सिकाईलाई प्राथमिकता दिईने छ ।

## १२. सामाजिक सुरक्षा एवं संरक्षण

सामाजिक संस्कारबाट एकल रुपमा रहन बाध्य भएका एकल पुरुषहरुलाई प्रदान गरिदै आएको एकल पुरुष भत्ता तथा ज्येष्ठ नागरिक पोशाक भत्ता वितरण कार्यक्रम लाई निरन्तरता दिइने छ।

मृत्यु दाहसँस्कार सहयोग तथा मुटुको भल्भ परिवर्तन, क्यान्सर, मृगौला प्रत्यारोपण एवं नियमित डायलासिस गर्ने बिरामीहरुलाई प्रदान गरिदै आएको निर्वाह भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

नगरमा रहेका तेस्रो लिङ्गी तथा ४५ वर्ष माथीका अविवाहित महिलालाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्न विशेष नीति अवलम्वन गरिनेछ।

पहेलो कार्ड प्राप्त अपाङ्गता भएका व्यक्तिहरुलाई समेत भत्ताको व्यवस्था गर्न विशेष नीति लिई देउमाई नगरपालिकालाई अपाङ्गमैत्री नगर घोषणा गरिनेछ ।

यस नगरपालिका भित्र अन्य क्षेत्रबाट नगर भित्रको पर्यटन, कृषि र शिक्षा तर्फ आकर्शित भएर बसाईसराई गरी आउने नागरिकलाई विशेष प्रोत्साहन गर्ने नीति लिइनेछ।

## १३. राजश्व तथा वित्तिय व्यवस्था

कोरोना महामारीले गर्दा सम्पूर्ण व्यवसायहरु धरासायी हुदै गएको वर्तमान परिवेशमा करको दर वृद्धि गर्नु भन्दा करको दायरालाई फराकिलो वनाउदै यथोचित कर संकलन नीति अवलम्वन गरिनेछ।

करदातालाई प्रोत्साहन गर्न समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइने छ।

सम्पुर्ण व्यवसाय तथा सेवा क्षेत्रलाई करका दायरामा ल्याइने छ भने एक आर्थिक वर्षमा सवैभन्दा वढी कर तिर्ने एकजना करदातालाई उचित सम्मान गरिने छ ।

देउमाई नगरपालिकाको आन्तरीक राजस्व वृद्धिका लागि सार्वजनिक तथा सामुदायिक बनका उत्पादन, नदिजन्य उत्पादन (ढुंगा, गिटि, वालुवा तथा जलचर समेत) र कानुनले वर्जित गरेका वाहेक बन क्षेत्रका बन्यजन्तु एवं जडिबुटिको कारोवारलाई करको दायरामा ल्याइने छ।

## १४. भु-उपयोग तथा वस्ती विकास

**सभाका सदस्य ज्यूहरु,**

एकीकृत तथा व्यवस्थित वस्ति विकासलाई कार्ययोजना बनाई लागु गरिने छ।

भु-उपयोग राष्ट्रिय विकास नितिलाई अवलम्बन गरिने छ।

भूमि व्यवस्थापन आयोगद्वारा संचालित कार्यक्रमलाई पूर्ण रुपमा सफल पार्न समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।

पुराना घरको अभिलेखिकरण तथा नया घर नक्शा पास अनिवार्य गरिने छ।

## १५. प्राकृतिक श्रोत व्यवस्थापन

नगरपालिकाको स्वामित्वमा रहेका र सार्वजनिक पर्ति जग्गाहरुको खोजविन गरी तथ्याङ्क राख्ने तथा ति जग्गाहरुको संरक्षण गर्ने नीति लिइनेछ।

सार्वजनिक तथा सामुदायिक बनका उत्पादन, नदिजन्य उत्पादन (ढुंगा, गिटि, वालुवा तथा जलचर समेत) र बन क्षेत्रका बन्यजन्तु एवं जडिबुटिको उपयोगमा विशेष निति बनाएर लागु गरिने छ।

# १६.उद्योग

स्थानीय श्रोत साधन तथा यस क्षेत्रमा पाइने कच्चा पदार्थको प्रशोधन गर्ने घरेलु तथा साना उधोग, कृषिजन्य, वन जन्य उद्योग स्थापना तथा संचालनलाई प्रोत्साहन गर्ने निति बनाइने छ साथै लघु उद्यम विकासका लागि संघीय सरकार, प्रदेश सरकार संग सहकार्य गर्दै अघि बढिनेछ ।

# १७.सुरक्षा

नगरका सम्पूर्ण जनतालाई सुरक्षाको पूर्ण प्रत्याभुति दिन विभिन्न सुरक्षा निकायसँग समन्वय गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

प्रत्येक वडामा प्रहरी विटको स्थापना सम्बन्धित निकायसँग पहल गरिने छ।

## १८.अन्य निकाय सँगको सम्बन्ध

यस नगरपालिकाको छिमेकमा रहेका इलाम नगरपालिका, माई नगरपालिका, माङसेबुङ्ग गाउँपालिका र फाकफोकथुम गाउँपालिका सँग सडक सञ्जाल , पर्यटन विकास, जल उपयोग र व्यापार क्षेत्रमा सहयोग तथा साझेदारीका लागि विशेष नीति अवलम्वन गरिने छ।साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था सँग भगिनि सन्बन्ध जोड्दै अघि बढिने छ।

उपस्थित सदस्य ज्यूहरु,

जनताका बढ्दो इच्छा, आकाङ्क्षा र आवश्यकताको तुलनामा नगरपालिकामा प्राप्त हुने स्रोत साधन अत्यन्त न्यून हुने हुँदा जनताका सबै माग एवं चाहानालाई यो वर्षको नीति तथा कार्यक्रममा समावेश गर्न सकिएको छैन। नगरपालिकाको आन्तरिक स्रोत कम भएको कारणले पनि हामीलाई थप कठिनाई उत्पन्न भएको छ। तसर्थ, उपलब्ध स्रोतबाट मात्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गरी सञ्चालन गर्न पहल गरिनेछ।

साथै प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आगामी दिनमा सबै क्षेत्रबाट अझ बढी सहयोग र सदभाव प्राप्त हुने आशा एवं विश्वास लिएको छु साथै यस

अघिका वर्षहरुमा प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई सफलतापूर्वक कार्यान्वयन गर्न अहम भूमिका खेल्नुहुने सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु एवं सबै सरोकारवाला पक्षहरु प्रति कृतज्ञ छु।

अन्त्यमा, देउमाई नगरपालिकाको पाँचौ नगरसभा सभ्य एवं भव्य रुपमा सम्पन्न गर्न योगदान गर्नुहुने सम्पूर्ण नगरसभाका सदस्य ज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु एवं सबै सरोकारवाला पक्षहरु प्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

सुर्य प्रसाद पोखेल

नगर प्रमुख

२०७८-०३-०१